**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १७ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- कलकत्ता उच्च न्यायालयले ३१३ जना GTA द्वारा नियुक्ति गरिएका शिक्षकहरूको नियुक्तिलाई अबैध ठहर गर्दै सबै नियुक्तिहरूलाई रद्द गर्ने निर्णय गरेको छ।

- नियुक्ति अबैध घोसित भएपछि सयुंक्त माध्यमिक शिक्षक संगठनले आन्दोलनको घोषणा गरेको छ|

- पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षणको पहिलो चरण अन्रतगत मसौदा मतदाता सूची जारी हुनका साथै यो चरण पूरा भएको छ।

- राष्ट्रीय स्वयंसेवक संघका सरसंघचालक डाक्टर मोहन भागवत तीन दिने उत्तर बंगाल भ्रमणको क्रममा आज सिलगढी आइपुग्नु भएकोछ।

- राज्य सरकारको विभिन्न विकास अनि जनकल्याणकारी योजनाहरुलाई आम मानिसहरुसम्म पुराउने उद्देश्यका साथ सिलीगुड़ीमा 'उन्नयन की पाचाली' नामक विशेष झांकी प्रचार अभियानको शुरुआत भएको छ।

**<u>313 शिक्षक अवैध घोषित</u>**

कलकत्ता उच्च न्यायालयले ३१३ जना GTA द्वारा नियुक्ति गरिएका शिक्षकहरूको नियुक्तिलाई अबैध ठहर गर्दै सबै नियुक्तिहरूलाई रद्द गर्ने निर्णय गरेको छ। पश्चिम बंगाल राज्य सरकारले 8 March 2019 मा ३१३ जनालाई अनि ५९ जना लाभार्थीहरूलाई स्थायीकरणको निर्देश गर्दै बिनय तामाङलाई चिठ्ठी लेखेका थियो भने 26 June 2019 को दिन वर्तमान जिटिए मुख्य कार्यपाल अनित थापाले उक्त नियुक्ति पत्रलाई जिटिए सचिवालय लालकोठी कार्यकारिणी निदेशक Manobendra Modhak, जिल्ला निरीक्षक Pran Gobinda Sarkar, पूर्व विधायक Amar Sing Rai को उपस्थितमा प्रदान गरेका थिए। सुधन गुरूंगले यस मामिलामा भाइ भतिजावाद भएको आरोप लगाउदै उच्च न्यायालयमा मुद्दा दायर गरेका थिए।

उच्च न्यायालयको यस निर्णयको पहाडका सबै बिपक्षी दलहरूले स्वागत जनाएका छन् तथा जीटीएमा भइरहेको भ्रष्टाचारको यो एउटा ठूलो प्रमाण हो भनि बताएका छन्। अर्को तीर गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापाले यस निर्णय प्रति निराशा व्यक्त गरेका छन्। उनले भनेका छन् ------ बाइट----- रोशनी....

**<u>सयुंक्त माध्यमिक शिक्षक संगठन</u>**

कलकत्ता उच्च न्यायालयले ३१३ जना शिक्षकलाई अबैध घोसित गरेपछि प्रशासनिक भूलको सजाय शिक्षकहरूले पाउनु हुँदैन भन्दै सयुंक्त माध्यमिक शिक्षक संगठनले आन्दोलनको घोषणा गरेको छ| एक प्रेस बिज्ञप्ति जारी गर्दै संगठनका उप सभापति विवेक छेत्रीले भोलिदेखि पहाड़का सम्पूर्ण विद्यालयहरू बन्द राख्ने अपील गरेका छन्| उहाँले गत २५ वर्षदेखि दार्जीलिङ पहाड़मा शिक्षक नियुक्तिको निम्ति कुनै रिक्रुमेन्ट रूल लागु नभएपछि शिक्षकहरूले कुन परीक्षा पास गरेर योग्यता प्रमाणित गर्ने ? भन्दै प्रश्न गर्नुभएको छ| उहाँले गत २५ वर्षको अवधि दार्जीलिङ पहाड़को शैक्षिक व्यवस्था सम्हाल्ने काम स्वयँसेवी शिक्षक/शिक्षिकाहरूले गरिरहेको दाबी गर्नुभयो। उहाँले आफ्नो बयानमा दार्जीलिङ पहाड़मा २००२ सालदेखि नै स्वयँसेवी शिक्षक शिक्षिकाहरूलाई नियुक्ति दिने प्रक्रिया बनेको अनि यो शिक्षक/शिक्षिकाहरूको भूल होइन तर प्रशासनिक व्यवस्थापनको गड़बड़ी हो भनी बताउनु भएको छ। यसको निम्ति तत्कालीन दागोपाप, अहिलेको जीटीएसितै राज्य अनि केन्द्र सरकार दोषी छन् । यसको सजाय

शिक्षक/शिक्षिकाहरूले पाउनु हुँदैन, भनी विज्ञप्तिमा उल्लेख गरिएको छ| कलकत्ता उच्च न्यायालयको आजको फसेलाले भोलिको दिनमा दार्जीलिङ पहाड़को अवकाशप्राप्त भइसकेका पुराना शिक्षकहरूसितै वर्तमानका अन्य शिक्षक/शिक्षिकाहरूसितै स्वयँसेवी शिक्षक/शिक्षिकाहरूलाई समेतलाई असर पार्न सक्ने स्थिति उत्पन्न भएको पनि संगठनको भनाइ छ। यसबाहेक दार्जीलिङ पहाड़मा मातृभाषा पढ़ाउने शिक्षक पनि अन्य क्षेत्रबाट आउने स्थिति पनि उत्पन्न हुनसक्ने परिस्थितिहरूलाई मध्यनजरमा राख्दै निर्दोष शिक्षक/शिक्षिका एवं पहाड़को शैक्षिक व्यवस्थाको सम्मानको निम्ति सगंठनले सड़क आन्दोलनमा उत्रिने निर्णय लिएको बताईएको छ। आन्दोलनको पहिलो चरणमा भोलिदेखि दार्जीलिङ पहाड़का सम्पूर्ण विद्यालयहरू भोलिदेखि अनिश्चितकालीन बन्द रहने घोषणा गरिएको छ। यसका साथै यदि कुनै पनि विद्यालयले संगठनको आह्वानलाई अवमान्य गर्दा कुनै पनि अप्रिय घटना भए त्यसको दायी सगंठन नरहने पनि बिज्ञप्ति मार्फत जताइएको छ।

**अजय एडवर्ड्स**

इन्डियन गोर्खा जनशक्ति फ्रण्टका प्रमुख संयोजक  अजय एडवर्ड्सलेकानुनी भर्ती प्रक्रियाको तुरुन्त कार्यान्वयन तथा मेरिटको आधारमा ३१३ पदहरूको पारदर्शी भर्ती हुनुपर्ने मांग गर्नुभएको छ| एक प्रेस बिज्ञप्ति जारी गर्दै श्री एडवर्ड्सले भ्रष्ट प्रणालीमा संलग्न सबै व्यक्तिहरूको लागि पूर्ण अनुसन्धान र जवाफदेहिता हुनु पर्नेमा जोड दिनु भएको छ| उहाँले भ्रष्टाचारी र राजनीतिक रूपमा प्रभावित सञ्जालका कारण धेरै परिवारहरू पीडित हुनु अत्यन्तै दुःखद रहेको बताउनु भयो|  उहाँले आठ वर्षभन्दा बढी कानुनी जाँच पछि,सम्माननीय अदालतको निर्णयलाई समर्थन र सम्मान गर्नुपर्ने बताउनु भयो।

**पश्चिम बंगालमा मतदाता सूची**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण ( एस.आई.आर) को पहिलो चरण अन्र्तगत मसौदा मतदाता सूची जारी हुनका साथै यो चरण पूरा भएको छ। यस प्रक्रियामा राज्यको अलग-अलग विधानसभा सीटहरूबाट ठूलो संख्यामा मतदाताहरूको नाम हटाईएको छ। आकंड़ा अनुसार, उत्तर कोलकाताको चोरंगी विधानसभा सीटबाट सबैभन्दा अधिक मतदाताहरूको नाम सूचीदेखि हटाईएको छ जबकि बांकुड़ा जिल्लाको कोतुलपुर विधानसभामा सबैभन्दा कम नाम काटिएका छन्|

**पश्चिम बंगालमा मतदाता सूची**

अर्कोतिर जिल्लाहरुको सन्दर्भमा राज्यका 24 जिल्लाहरुमा सबैभन्दा ज्यादा मतदाताहरुको नाम दक्षिण 24 परगना जिल्लाबाट काटिएको छ, त्यहीँ पहाड़ी जिल्ला कलिम्पोंगमा सबैभन्दा कम नाम ड्राफ्ट सूचीबाट हटेको छ।निर्वाचन आयोगको तर्फबाट जारी जानकारी अनुसार, अक्टूबर 2025 सम्म पछिलो मतदाता सूचीको तुलनामा दक्षिण 24 परगना जिल्लाबाट आठ लाख भन्दा अधिक मतदाताहरुको नाम ड्राफ्ट सूचीमा सामेल गरिएको छैन। यो आंकड़ा राज्यको सबै जिल्लाहरु मध्ये सबैभन्दा ज्यादा हो। दोस्रो स्थानमा उत्तर 24 परगना जिल्ला रहेको छ, जहां लगभग  7.93 लाख मतदाताहरुको नाम ड्राफ्ट सूचीबाट बाहिर राखिएको  छ । तेस्रो स्थानमा रहेको हावड़ा जिल्लामा यो संख्या लगभग 4.47 लाख रहेको छ । सबैभन्दा कम प्रभावित जिल्ला कलिम्पोंग हो, जहां 18 हजारभन्दा कम मतदाताहरुको नाम ड्राफ्ट सूचीबाट हटाइएको छ।ड्राफ्ट मतदाता सूचीको प्रकाशनको साथै राज्यमा विशेष गहन पुनरीक्षणको पहिलो चरणको प्रक्रिया पुरा भएको छ । यो प्रक्रिया चार नवंबर देखि शुरू भएको थियो। अब दोस्रो चरणमा दाबी अनि आपत्ति दाखिल गर्ने प्रक्रिया शुरू हुनेछ। त्यसपछि नोटिस जारी गर्ने, सुनुवाई, सत्यापन अनि दाबी अनि आपत्तिहरु जुझ्ने प्रक्रिया निर्वाचन पंजीकरण अधिकारिहरुद्वारा एकै साथ गरिनेछ।निर्वाचन आयोगले  अंतिम मतदाता सूची 14 फरवरी 2026 को दिन प्रकाशित गर्ने स्पष्ट गरेको छ । त्यसपछि मात्रै पश्चिम बंगालमा आगामी वर्ष प्रस्तावित विधानसभा चुनावको तारीख घोषणा गरिनेछ।

**एसआइआर पहाड**

एसआईआर प्रक्रियाअनुसार दार्जिलिङ अधिनस्थ पाँचवटा बिधानसभा क्षेत्र अनि कालेबुङ जिल्लावाट एक लाख 39 हजार 545 जना मतदाताको नाम काटिएको थाहा लागेको छ। चुनाव आयोगद्वारा आज जारी गरिएको ड्राफ्टमा यो तथ्य उल्लेख गरिएको छ। आयोग अनुसार 27 अक्टोबर 2025-सम्म दार्जीलिङ जिल्लामा मोठ मतदाता संख्या 12 लाख 92 हजार 857 रहेका

थिए भने तीमध्ये 1 लाख 22 हजार 214 जना मतदाताको नाम मतदाता सूचीबाट काटिएको छ। यसरी नै कालेबुङ जिल्लामा 27 अक्टोबरसम्म 2 लाख 20 हजार 862 मतदाता थिए भने एसआईआर पछि यो संख्या, 17 हजार 331 भएको छ।

**शुभेंदु अधिकारी SIR**

पश्चिम बंगाल विधानसभामा नेता प्रतिपक्ष शुभेंदु अधिकारीले भन्नुभयो, एसआईआर प्रक्रिया संपन्न भए पछि स्पस्ट भएको छ कि तृणमूल कांग्रेसले फर्जी भोटका कारण चुनाव जीतीरहेको थियो । हिजो आसनसोलको शीतला क्षेत्रमा स्थित भारतीय जनता पार्टी (भाजपा) कार्यालयमा एक संवाददाता सम्मेलनलाई संबोधित गर्दै उहाँले पछिलो विधानसभा चुनावमा भाजपा अनि तृणमूल बीच केवल 21 लाख भोटको फरक रहेको तथ्यको उल्लेख गर्दै एसआईआर का कारण 58 लाख मतदाताहरुको नाम सुचिबाट हटेको बताउनु भयो। उहाँले यस तथ्यबाट यो स्पष्ट भएको छ कि तृणमूलले फर्ज़ी मतदाताहरुको कारण चुनावमा जीत हासिल गरिरहेको बताउनु भयो।

**मोहन भागवत**

राष्ट्रीय स्वयंसेवक संघका सरसंघचालक डाक्टर मोहन भागवत तीन दिने उत्तर बंगाल भ्रमणको क्रममा आज सिलगढी आइपुग्नु भएकोछ। भोली 18 दिसम्बरको दिन दुईमाइल स्थित शारदा शीशु विद्यामन्दिरमा उहाँले उत्तरबंगालका युवाहरूको एक सम्मेलनलाई सम्बोधित गर्नु हुनेछ। 18 देखि 35 वर्ष आयु वर्गका झण्डै पाँच हजार युवाहरूले सम्मेलनमा भाग लिने जानकारी संघ सुत्रले बताएका छन्। 19 दिसम्बरको दिन एउटा प्रबुद्ध नागरिक सम्मेलन पनि सिलगढीमा आयोजित गरिएकोछ। जसमा सिक्किम, दार्जिलिंग ,तराई, डुवर्स सहित उत्तर बंगाल प्रान्तका सैकड़ो विशिष्ठ व्यक्तिहरू सामेल रहने सम्भावना छ। संघको शताब्दि वर्ष समारोह देशभरी आयोजित भइरहेका छन्। यसै क्रममा डा.मोहन भागवतको  यो उत्तर बंगाल भ्रमण र सम्मेलन आयोजित भइरहेको छ।

**सिलगुडीमा 'उन्नयन की पाचाली'**

राज्य सरकारको विभिन्न विकास अनि जनकल्याणकारी योजनाहरुलाई आम मानिसहरुसम्म सरल अनि प्रभावी दंगले पुराउने उद्देश्यका साथ सिलीगुड़ीमा 'उन्नयन की पाचाली' नामक विशेष झांकी प्रचार अभियानको शुरुआत भएको छ।आज आयोजित उद्धाटन कार्यक्रममा सिलीगुड़ी नगर निगमका मेयर गौतम देव उपस्थित थिए। उहाँसित डिप्टी मेयर, नगर निगम पार्षदहरु अनि अधिकारी पनि उपस्थित थिए| यस अवसरमा मेयर गौतम देवले राज्य सरकारको जनकल्याणकारी योजनाहरु, स्वास्थ्य साथी, लक्ष्मी भंडार, कन्याश्री, सबुज साथी, खाद्य साथी सहित अनेक योजनाहरुको लाभ आम जनतासम्म पुराउन यो पहल गरिएको बताउनु भयो| 'उन्नयन की पाचाली' झांकीले सिलीगुड़ी नगर निगम क्षेत्रको विभिन्न महत्वपूर्ण स्थानहरु सहित डाबग्राम-फुलबाड़ी अनि वरिपरीको अन्य स्थानहरु भ्रमण गर्नेछ।मेयरले यो प्रचार अभियान आगामी 15 जनवरीसम्म जारी रहने जानकारी दिनुभयो।

**इस्ट जोन किक बक्सिङ च्याम्पियनशिप**

पश्चिम बंगाल स्पोर्ट्स किक बक्सिङ एसोसिएशनद्वारा आयोजित इस्ट जोन किक बक्सिङ च्याम्पियनशिप २०२५ सिलिगुडीस्थित एसएमसी इन्डोर स्टेडियममा १३ र १४ दिसम्बरमा भव्य रूपमा सम्पन्न भयो। दुईदिने प्रतियोगितामा सिक्किम, आसाम, पश्चिम बंगाल, बिहार, झारखण्ड, ओडिसा लगायत विभिन्न राज्यबाट कुल ३२० खेलाडीहरूले सहभागिता जनाएका थिए। उक्त प्रतिष्ठित प्रतियोगितामा "कर्सियङ्ग किक बक्सिङ एसोसिएशन"-का खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गर्दै कुल ९ वटा पदक जित्न सफल भए। प्रशिक्षक विजय राउतको मार्गदर्शनमा प्रतिस्पर्धामा उत्रिएका पाँचै जना खेलाडीहरूले आफ्नो–आफ्नो तौल र वर्गमा शानदार खेल प्रस्तुत गर्दै खरसाङको नाम उजागर गरेका हुन्। संस्कृति तामाङले ६५ केजी सब–जुनियर वर्गमा लाइट कन्ट्याक्ट र किक लाइट दुवै इभेन्टमा स्वर्ण पदक जित्दै दोहोरो सफलता हात पारिन्। ५५ केजी जुनियर वर्गकी रक्षा थापाले लाइट कन्ट्याक्टमा स्वर्ण र किक लाइटमा रजत पदक जितिन्। ५५ केजी सिनियर वर्गमा गौरव राउतले लो किक इभेन्टमा स्वर्ण पदक आफ्नो नाममा लेखाए। यस्तै ४८ केजी जुनियर वर्गकी निमेशा तामाङले लाइट कन्ट्याक्ट र किक लाइट दुवै इभेन्टमा रजत पदक जितिन्।

**सरसफाइ अभियान**

मिरिक फूड कार्ट एसोसिएसनले मिरिक झील परिसरको स्वच्छता र सौन्दर्य कायम राख्ने उद्देश्यले नियमित सरसफाइ अभियान सञ्चालन गर्दै आएको छ। एसोसिएसनका अनुसार प्रत्येक हप्ता सोमबार, बुधबार तथा शनिबार झील वरपर सरसफाइ अभियान चलाइने गरिएको छ।

****** ० ******